**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भरतपुर, चितवन
**BHARATPUR METROPOLITAN CITY**
**Municipal Executive Office**
Bharatpur, Chitwan

प.सं. २०७३/०७४ प्र.शा.

मिति: २०७३/१२/१८

च.नं. १४५८

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषय: वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर महानगरपालिकाको मिति २०७३/१२/१४, १५ र १७ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँ प्रति पाना ३ (तीन) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ:**
श्री सूचना शाखा,
भ.म.पा.कार्यालय । (उक्त निर्णय म.पा. को वेभ साईडमा राख्नु हुन)

....................
**टीका राम कडेल**
**वरिष्ठ प्रशासकीय अधिकृत**

Scanned by CamScanner

आज मिति २०७३ साल चैत्र १४ गते सोमबारका दिन बिहान ९:०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशी

**आमन्त्रित**

वरिष्ठ इन्जिनियर श्री भरत कुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीका राम कँडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

जिन्सी प्रमुख श्री नारायण प्रसाद भण्डारी

लेखापाल श्री सिता अधिकारी

ना.सु. श्री तेज राज खनाल

निर्णय न. १

Tender notice No: 2\073\074 Bharatpur Sub-Metropolitan City,Tender Identification No:Bhr\G\NCB\1\073\074 Supply and Delivery of Motor Grader कार्यको लागत अनुमान रू १,४६,०१,७६९।९७ अक्षरुपी एक करोड छयालीस लाख एक हजार सात सय उनान्सत्तरी र पैसा सन्तानब्बे (मुल्य अभिबृद्धी कर बाहेक) मात्र रहेकोमा Worldwide Trading Co.Pvt.Ltd को रू १,४४,००,०००।०० अक्षरुपी एक करोड चवालीस लाख (मुल्य अभिबृद्धी कर बाहेक) सँग सम्फौता भइ कार्यदेश दिइएकोमा मिति २०७३।१२।११ गते मोटर ग्रेडर यस कार्यालयमा आपुर्ती भएकोमा मिति २०७३।१२।१२ गते बिषय विज्ञ सडक विभाग यान्त्रिक महाशाखा चाकुपाट,ललितपुरका मेकानिकल इन्जिनियर श्री सरोज सुवेदी बाट सुपरिबेक्षण भइ प्रतिवेदन प्राप्त भएकोमा बोलपत्र फर्ममा उल्लेख भए बमोजिम मोटर ग्रेडर रहेको पाइएकोले सो मोटर ग्रेडर स्विकृत गरि भरतपुर महानगरपालिका, नगर कार्यपालिका कार्यालयको नाममा दर्ता गर्न मूल्यांकन समिति वाट सिफारिस भएकोमा सो मोटर ग्रेडर स्विकृत गरि यस कार्यालयको नाममा दर्ता गर्न Worldwide Trading Co.Pvt.Ltd लाई जानकारी गराउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

आज मिति २०७३ साल चैत्र १५ गते मंगलबारका दिन बिहान ८.०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशीज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशी

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

जिन्सी प्रमुख श्री नारायण प्रसाद भण्डारी

ना.सु. श्री तेजराज खनाल

निर्णय नं १

यस भरतपुर महानगरपालिकाको स्वामित्वमा रहेको वारुण यन्त्र बिग्रिएर मर्मत गर्नुपर्ने भएको हुँदा गर्मीको मौसम सुरु भएको कारणले अत्याधिक आगलागिका घटना बढ्न सक्ने भएको हुँदा तत्काल आगलागि नियन्त्रण गर्न बारुण यन्त्र चुस्त दुरुस्त राख्नुपर्ने भएकोमा मर्मत गर्न कोटेशन माग गरिएकोमा भिमसेन मोटर्सको रु.२,८३,२६७।-अक्षरुपी दुई लाख त्रियासी हजार दुई सय सतसठ्ठी मात्र ( Vat बाहेक), वर्क एसिया मार्केटिङको रु.२,९८,९००।- अक्षरुपी दुई लाख अन्ठानब्बे हजार नौ सय मात्र (Vat बाहेक) र जि.जि. अटोको रु.३,११,७७५।-अक्षरुपी तीन लाख एघार हजार सात सय पचहत्तर मात्र (Vat बाहेक) को कोटेशन पेश भएकोमा सार्वजनिक खरिद नियमावली, (चौथो संशोधन) २०७३ को नियम ९५ को संशोधन अनुसार सबैभन्दा कम अंक कबोल गर्ने भिमसेन मोटर्सको रु.२,८३,२६७।- अक्षरुपी दुई लाख त्रियासी हजार दुई सय सतसठ्ठी मात्र (Vat बाहेक) को कोटेशन स्वीकृत गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner

आज मिति २०७३ [illegible] गते बिहिबारका दिन बेलुका ५.१० बजे यस भरतपुर महानगरपालिकाको [illegible] प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशीज्यु को अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशी

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

ना. सु. श्री तेजराज खनाल

निर्णय नं. १

यस भरतपुर उपमहानगरपालिकामा साविक चित्रवन र नारायणी नगरपालिका तथा कविलास गा.वि.स. समाबेश भई मिति २०७३/११/२७ गते देखि भरतपुर महानगरपालिका कार्यान्वयनमा आएकोले कार्यालय सञ्चालन गर्न कार्यकक्षको अभाव भएको हुँदा थप कार्यकक्षका लागि साविक जिल्ला विकास समितिको कार्यालय भरतपुर चितवनको भवन तथा जग्गा उपलब्ध गराई दिनु हुन नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस भरतपुर महानगरपालिकामा नयाँ ग्रेडर खरिद गरि ल्याईएकोमा सो ग्रेडर भाडामा दिनुपर्दा इन्धन बाहेक प्रतिघण्टा रु.५,०००।-अक्षेरुपी पाँच हजार मात्रका दरले न्यूनतम चार घण्टाको लागि दिने र महानगरका उपभोक्तालाई इन्धन बाहेक प्रतिघण्टा रु. ४,०००।- अक्षेरुपी चार हजारका दरले (न्यूनतम दुई घण्टा) यो भाडा रकम लिई दिने निर्णय गरियो ।

निर्णय नं. ३

यस भरतपुर महानगरपालिका वडा नं. ७ स्थित उज्वल टोलको अधुरो सडक पिच गर्नका लागि आ.व. ०७३/७४ मा रु.१३,००,०००।- अक्षेरुपी तेह्र लाख मात्र रकम विनियोजन भएकोमा उक्त सडक सांसद बिकास बजेटबाट कार्य सम्पन्न भएको हुँदा वडाको सर्वदलिय बैठकको निर्णय अनुसार उक्त योजनाको सट्टा को कालिका चोकबाट प्रेम बस्ती कालिका मन्दिर सम्म ९०० मि. सडक पिच गर्नको लागि लागत अनुमान तयार गर्दा जम्मा रु. १३,०९,४१८।६१ (अक्षेरुपी तेह्र लाख नौ हजार चार सय अठार रुपैया र एकसट्ठी पैसा) मात्र  देखिएकोले उक्त ल.ई. स्वीकृत गरि योजना सञ्चालन गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

Scanned by CamScanner